# साल्पासिलिछो गाउँपालिका

## पशु/कृषि/एकीकृत कृषि फर्म तथा समुह दर्ता कार्यविधि, २०७८

साल्पासिलिछो गाउँपालिका

साल्पासिलिछो गाउँपालिका
चौकीडाँडा, भोजपुर
प्रदेश न. १, नेपाल

# पशु/कृषि/एकीकृत कृषि फम तथा समुह दर्ता कार्यविधि, २०७८

कार्यपालिकका बाट स्वीकृत मितिः२०७८/०८/०९ गते

## १. पृष्ठभूमि

पशु/कृषि_उत्पादन क्षेत्रलाई निर्वाहमुखी बाट व्यवसायीकरणमा परिणत गर्न र लगानी विस्तार गरी समग्र व्यवसायलाइ नै प्रतिस्पर्धी वनाउन आवश्यक छ । यसका लागि पशुपंक्षी/कृषिको उत्पादन प्रशोधन तथा बजारीकरण गरी कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुऱ्याउन र पशु/कृषि_व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रबर्द्धन एवं गरिवी न्युनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुऱ्याउनुका साथै बैदेशिक पलायनलाई निरुत्साहित गरी यस गाउँपालिकामा कृषि तथा पशु व्यवसायको माध्यमबाट हाम्रो नारा "**प्रयोगमैत्री संरचना,** शिक्षा, **पर्यटन र कृषि-समतामुलक विकास साल्पासिलिछो को समृद्धि**" लाई सफल पार्नुका साथै यस गाउँपालिकाको विभिन्न निति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न साल्पासिलिछो गाउँ कार्यपालिकाले पशु/कृषि/ एकीकृत कृषि फर्म तथा समुह दर्ता कार्यविधि, २०७८ जारी गरेको छ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**२.१** ***"गाउँपालिका"*** भन्नाले साल्पासिलिछो गाउँपालिका लाई सम्झनु पर्दछ ।

**२.२** ***शाखा"*** भन्नाले पशु/कृषि सेवा शाखा सम्झनु पर्दछ ।

**२.३** ***"कार्यालय"*** भन्नाले साल्पासिलिछो गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

**२.४** ***"समूह"*** भन्नाले १५ र सो भन्दा बढी कृषकहरु संगठित भई यस कार्यविधि बमोजिम गठन भएको समहुलाइ सम्झनु पर्दछ ।

**२.५** ***"निजि फर्म"***भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस शाखामा दर्ता भएको फर्म सम्झनु पर्दछ ।

**२.६** ***"कार्यविधि"*** भन्नाले पशु/कृषि/एकीकृत कृषि फर्म तथा समुह दर्ता कार्यविधि २०७८ सम्झनु पर्दछ ।

**३. उद्देश्यहरु :**

**३.१** पशु/कृषि सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुऱ्याउने ।

**३.२** गाउँ सभाबाट विनियोजित रकमलाई पारदर्शी वनाई संचालन गर्न सहयोग पुग्ने ।

**३.३** संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुऱ्याउने ।

**३.२** गाउँपालिकालाई दधु, मासु, अण्डा तरकारी तथा फलफूल उत्पादनमा, आत्मनिर्भर भई निर्यात गर्न सहयोग गर्ने ।

**३.२** पशु/कृषि व्यवसायको उद्यमशिलता प्रबर्द्धन एवं व्यवसायिकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्ग सम्म पुर्याउन सहयोग स्वरुप अनुदान प्रदान गर्ने ।

**३.२** पशु/कृषि व्यवसायबाट उत्पादित पदार्थहरुको गणुस्तर सुधार गर्ने र उत्पादन लागत न्युनिकरण गर्ने ।

**३.२** पशु/कृषि व्यवसायलाई प्रभावकारी तरिकाले सञ्चालन गर्नको लागि विभिन्न प्रकारका बीउ, रासायनिक मल, कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा सञ्चालन गर्ने ।

**४. पशुपन्छी फर्म दर्ताको मापदण्ड :**

४.१ गाइ भैसीको हकमा ५ वा ५ भन्दा बढी वटा गाइ/भैसी पालन तथा ठुला पशु पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

४.२ बाख्राको १० वा १० भन्दा बढी वटा भन्दा माथि स्थानीय माउ बाख्रा पालन गरि व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

४.३ बंगुरको पाठापाठी उत्पादनको लागि भए ५ वा ५ भन्दा माथि माउ र मासु उत्पादनको लागि भए १० वटा बंगुर पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ ।

४.४ पन्क्षि तथा पन्क्षि जन्यको २०० वा २०० वटा भन्दा माथि बोईलर र लेयर्स कुखुरापालन गरि व्यवसाय संचालन गरिरहेका फार्म लाई मानिने छ । टर्की, कालिज, बट्टाईको हकमा ५० भन्दा माथि पालेको हुनु पर्नेछ ।

**५. कृषि फर्म दर्ता न्यूनतम मापदण्ड**

५.१ खुल्ला जग्गामा कम्तिमा ३ रोपनीमा तरकारी तथा खाद्यान्न खेति गरेको ।

५.२ फलफूको लागि कम्तिमा ३ रोपनीमा तरकारी तथा खाद्यन्न खेति गरेको ।

५.३ टनेल भित्र तरकारी खेतिको लागि ५ वटा प्लाष्टिक टनेलमा खेति गरेको ।

५.४ मौरीको लागि २५ वटा घार भएको ।

५.५ च्याउको लागि ५ वटा घर भएको ।

५.६ माछाको लागि ५०० वर्गमिटर पोखरी भएको ।

**६. एकीकृत कृषि फर्म दर्ताको न्यूनतम मापदण्डः तलका मध्य कुनै २ वा २ भन्दा बढी प्रकारको खेति गरेको भएमा एकीकृत कृषि फर्म दर्ता गर्न सकिने छ।**

६.१ खुल्ला जग्गामा कम्तिमा १.५ रोपनीमा तरकारी तथा खाद्यान्न खेति गरेको।

६.२ फलफूलको लागि कम्तिमा १.५ रोपनीमा जग्गामा खेति गरेको।

६.३ टनेल भित्र तरकारी खेतिको लागि ३ वटा प्लाष्टिक टनेलमा खेतिमा गरेको।

६.४ मौरीका लागि १५ वटा घर भएको।

६.५ च्याउको लागि ३ वटा च्याउ घर भएको।

६.६ माछाको लागि २५० वर्गमिटर पोखरी भएको।

**७. एकीकृत कृषि तथा पशु फर्म दर्ताको न्यूनतम मापदण्डः कम्तिमा ४ नम्बर बुँदामा उल्लेख भएका मध्ये कुनै १ वा १ भन्दा बढी प्रकारको पशुपन्छी पालन र ६ नम्बर बुँदामा उल्लेख भएमा मध्ये कुनै १ वा १ भन्दा बढी प्रकारको खेति संयुक्त रुपमा गरेको भएमा एकीकृत कृषि तथा पशु फर्म दर्ता गर्न सकिने छ।**

**८. समूह दर्ताको न्यूनतम मापदण्डः १५ वा सो भन्दा बढी कृषकहरु संगठित भइ कुनै बिशेष काम जस्तै बाखापालन, गाई भैसीपालन, कुखुरा पालन, तरकारी खेति, फलफूल खेति गरिरहेको समूहलाई दर्ता प्रक्रियामा लगिने छ।**

**९. पशु/कृषि/एकीकृत कृषि फर्म तथा समूह दर्ता प्रक्रिया :**

९.१ पशु/कृषि समूहको लागि

९.१.१ १५ र सो भन्दा बढी सदस्यको समुह गठन

९.१.२ समूह गठन सम्बन्धि बैठकको निर्णय

९.१.३ समूह दर्ताको लागि समूहबाट जिम्मेवारी किटान भएको नाम सम्बन्धि निर्णय

९.१.४ समूह दर्ता गरि पाउँ भन्ने निवेदन।

९.१.५ समूहको विधान २ प्रति।

९.१.६ समूह सदस्यहरुको व्यक्तिगत विवरण।

९.१.७ समूह सदस्यहरुको नागरिकताको प्रतिलिपि।

९.१.८ वडा कार्यालयको सिफारिस।

९.१.९ समूहको छाप।

९.२ **पशु/कृषि/एकीकृत कृषि फर्म फार्मको लागि**

९.२.१ फर्म दर्ता निवेदन

९.२.२ नागरिकताको प्रतिलिपि

९.२.३ २ प्रति पासपोर्ट साईजको फोटो

९.२.४ चारकिल्ला प्रमाणित सर्जमिन पत्र

९.२.५ जग्गा भाडामा भए सो को सम्झौता पत्र

९.२.६ जग्गा संयुक्त नामको भएमा स्वघोषणा र मञ्जुरीनामा

९.२.७ फर्मको छाप

९.२.८ राजस्व शाखामा राजस्व बुझाएको रसिद

९.२.९ सम्बधित वडाको सिफारिस

१०. यस गाउँपालिका भित्र कृषि तथा पशुपालन पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो व्यवसाय गाउँपालिकामा दर्ता गर्न चाहेको भनि निवेदन दर्ता कृषि तथा पशु शाखाबाट फिल्ड अवलोकन गरी फर्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि तथा पशु शाखामा फर्म दर्ता गरिने छ।

११. पशु/कृषि/एकीकृत कृषि फम तथा समुहलाई कृषि पशु सेवा शाखाले आधिकारिक प्रमाण पत्र उपलब्ध गराउने छ।

१२. दर्ता भएका पशु/कृषि एकीकृत कृषि फर्म तथा समुह प्रत्येक १ बर्षमा नविकरण गर्नुपर्ने छ।

१३. दर्ता भएका पशु/कृषि/एकीकृत कृषि फर्म र समूहको समय समयमा अनुगमन गरिने छ र काननु विपरित कामकाज गरेको पाईएमा तरुन्त कारबाही प्रक्रियामा लगिनेछ।

१४. यो कार्यविधि साल्पासिलिछो गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।